# सूर्योदय नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धि पहिलो संशोधन कार्यविधि २०७७

प्रमाणिकरण मितिः२०७४।४।२०

पहिलो संशोधन प्रमाणिकरण मिति

**प्रस्तावना**

सूर्योदय नगरपालिकाको सञ्चालन सम्बन्धि कार्यविधि २०७४ को दफा १८ बमोजिम यो पहिलो संशोधन विधेयक २०७७ तर्जुमा गरी लागू सूर्योदय नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धि कार्यविधि २०७४ लाई परिमार्जन तथा संशोधन गर्दै समय अनुकुल गतिशिल बनाउन वान्छनिय भएकोले सूर्योदय नगरकार्यपालिकाको बैठक गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम सूर्योदय नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धि पहिलो संशोधन कार्यविधि २०७७ रहने छ ।

ख) यो कार्यविधि सूर्योदय नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति बाट लागू हुनेछ ।

२. **परिभाषाः** नगर प्रमुख भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

क- उप-प्रमुख भन्नाले सूर्योदय नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

३. कार्यविधिको दफा ३ को ३(१)मा तर महिनाको तीन पटक भन्दा बढी बैठक बसेको भत्ता पाइने छैन भन्नेमा तीन शब्दलाई हटाई दुई भन्ने शब्द राखिएको छ ।

४. यस कार्यविधिमा कार्यकारी अधिकृत उल्लेख भएको सबै दफा/उपदफाहरुमा कार्यकारी अधिकृत भन्ने शब्दको सट्टा प्रमुख प्रशासकीय अधिकृत भन्ने शब्द राखिएको छ ।

५. यस कार्यविधिको दफा १४को उपदफा १४(२) ले मा वडा समितिका भन्ने शब्दको सट्टा कार्यपालिकाका भन्ने शब्द राखिएको छ।

६. १४(१४.६) कार्यपालिकाका सदस्यहरु कार्यपालिकाको बैठक शुरु हुन भन्दा दश मिनट अगावै बैठक कक्षमा प्रवेश गरिसक्नु पर्ने छ ।

७. १५(१५.४)बजेट तथा कार्यक्रम तर्जुमा ऐन, आर्थिक ऐन वा अन्य विधेयक समितिको असहमती वा अशर्मथताको कारणले बन्न नसकेमा कार्यपालिकाको बैठकले तदर्थ समिति गठन गरी सो कार्य गर्न वाधा अवरोध खुल्ला गर्न सकिनेछ,उक्त विधेयकहरु कार्यपालिका मार्फत सभामा पेश गर्न सकिने छ ।

८. अनुसूची १ को प्रस्ताव पेश गर्न प्रमुखबाट भन्ने शब्द हटाई वडाअध्यक्षबाट भन्ने शब्द राखिएको छ ।